(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
१. वित्तीय कारोवार, कर्जा लगानी तथा व्यवसायमा देखिएको मन्दीका कारण हुने जोखिमहरु। २. बैंकहरु द्रुत गतिमा ब्यापार विस्तारमा लागेका हुनाले केही जोखिम आउन सक्ने।
३. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम : सो नभएको।

(ङ) विदेशी विनिमयको जोखिम: देशको वैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।

(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : सो नभएको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : कोभिड १९ र युद्ध (रसिया र युक्रेन) तथा मध्य पूर्वमा भएको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दी, मुद्रास्फिति र वैदेशिक मुद्रा सटहीदरमा उतारचढावबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम:
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु।

(झ) संचालन इतिहासको अभाव : यस बैंकको संचालन इतिहास करिब ५८ वर्षको रहेकोले बैंकमा संचालन अनुभवको अभाव नभएको।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : नयाँ प्रविधिको विकास सगै बैंकले प्रयोग गर्ने प्रविधिमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साख सम्बन्धि जोखिम।

(ट) अन्य :
१. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा आम्दानी संकुचित हुने तथा पूँजीमा ह्रास आउने जोखिम। २. पुँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
३. देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम। ४. सरकारी सुरक्षणपत्रहरुको ब्याजदरमा आउने परिवर्तनबाट बैंकको आम्दानी संकुचन हुने जोखिम।
५. कार्य संचालन जोखिम (Operational Risk) बाट हुन सक्ने हानी नोक्सानी। ६. सम्पत्ति शुद्धीकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुनसक्ने हानी नोक्सानी।
७. प्राकृतिक प्रकोप (भुकम्प, बाढी/पहिरो आदी) को कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम।
८. हाल क्रमिक रुपले कोभिड १९ को प्रकोपमा कमी आएको भएतापनि यस बाट समग्र विश्वको अर्थतन्त्रमा पर्न गएको नकारात्मक असरबाट उत्पन्न हुन सक्ने जोखिमहरु।
९. घट्दो विप्रेषण तथा तरलता अभाववाट हुन सक्ने जोखिम। १०. युद्ध (रसिया र युक्रेन) को कारण विश्वको अर्थतन्त्रमा पर्न गएको नकारात्मक असरबाट उत्पन्न हुन सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।

राष्ट्रिय वाणिज्य बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ। बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, तरलता, बजार, संचालन आदि) को पहिचान, मापन, अनुगमन तथा व्यवस्थापनको लागि जोखिम व्यवस्थापन विभागको गठन गरी जोखिम पहिचान, मापन, अनुगमन तथा नियन्त्रणको व्यवस्था गरेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रही आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरी बैंकलाई उत्कृष्ट एवं सबल रुपमा संचालन गरी लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरेको छ।

कर्जासँग सम्बन्धित जोखिमहरु, बजार र तरलता, कारोवार संचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लाने बैंकको नीति रहेको छ।

जोखिम व्यवस्थापनका लागि बैंकले अवलम्बन गरेका उपायहरु निम्न लिखित छन् :
१) अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृति पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता।
२) भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी।
३) प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण।
४) बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने, प्रविधिबाट उत्पन्न हुने जोखिम लगायत Cyber Security Risk सम्बन्धी आवश्यक तालिमहरु दिदै आएको र समय समयमा बैंकको सूचना प्रविधिको लेखापरिक्षण गराई विज्ञहरुको सुझाव बमोजिम जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्दै गएको।
५) अनुशासित र संयमित जोखिम बहन गर्ने।
६) कोभिड १९ को कारण उत्पन्न यस परिस्थितिमा पनि आफ्नो ग्राहकलाई सहज, सुलभ रुपले बैंकिङ्ग सेवा उपलब्ध गराउन बैंकले आफ्ना ग्राहकलाई नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी कार्यविधि पालना गर्दै बैंकमा आउने ग्राहकहरुलाई सामाजिक दुरी कायम गर्दै सेवा उपलब्ध गराउने, कर्मचारीहरुलाई कोरोना रोकथामका लागि आवश्यक सजगता अपनाउन निर्देशन दिदै, बैंकमा आउने सम्पूर्ण ग्राहक तथा कर्मचारीहरुको दैनिक तापक्रम नापजाँच गर्ने तथा स्वास्थ्य सम्बन्धी उपायहरु अपनाउदै सेवा उपलब्ध गराई रहेको।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्ण रुपमा निर्मुल पार्न नसके तापनि न्युनीकरण गर्न सफल हुने विश्वास लिएका छौं।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१०००/– प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१३. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "7% RBBL Debenture 2088" निष्काशनको शर्तहरु देहाय बमोजिम रहेको छ :

(अ) ऋणपत्र निष्काशनको शर्त बन्देजहरुः ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ।

(आ) ऋणपत्रको अवधि (Maturity Period) : यस ऋणपत्रको अवधि, ऋणपत्र बाँडफाँड भएको दिनबाट ७ वर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

(इ) निष्काशन गरिने ऋणपत्रको संख्या तथा रकम : प्रति ऋणपत्र रु.१०००/-(अंकित मूल्यका २५,००,००० कित्ताले हुन आउने कुल रु.२ अर्ब ५० करोड बराबरको ऋणपत्र मध्ये ६० प्रतिशत अर्थात १५,००,००० कित्ताले हुन आउने कुल रु. १ अर्ब ५० करोड ऋण पुंजी रकम निजी तवर (Private Placement) बाट बिक्री गरिने तथा ४० प्रतिशत अर्थात १०,००,००० कित्ताले हुन आउने कुल रु.१ अर्ब ऋण पुँजी रकम बराबर (सो मध्ये ५ प्रतिशत अर्थात ५०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्याएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिनेछ।

(ई)ऋणपत्र साधारण शेयरमा परिवरत हुने वा नहुने : यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत हुने छैन।

(उ) ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/स्थान (Interest Payment Period) : यस ऋणपत्रको वार्षिक ब्याजदर ७% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा सामुहिक लगानी कोष तथा आयकर छुट प्राप्त व्यक्ति तथा संस्था वाहेक अन्यको हकमा आयकर ऐन अनुसार (प्राकृतिक व्यक्ति ६ प्रतिशत तथा संस्थागत १५ प्रतिशत) (आयकर ऐन, २०५८ मा कुनै संसोधन भएमा सोही बमोजिम हुने) श्रोतमा करकट्टी गरिनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध-वार्षिक (पौष मसान्त) र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिंदा प्रथम अर्ध वार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको माघ १ गतेदेखि र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ। साथै खण्डित अवधिमा आवेदकहरुले आवेदन गरेको रकममा ब्याज आर्जित गरेको खण्डमा सो ब्याज आवेदकहरुलाई प्रदान गरिनेछ। साथै ब्याज भुक्तानी गर्ने सम्बन्धमा ऋणपत्रधनीहरुको हितग्राही खातामा उल्लेख भएको बैंक खाता मार्फत भुक्तानी गर्ने प्रबन्ध सम्बन्धित शेयर रजिष्ट्रार वा स्वयं बैंक आफैंले प्रबन्ध गर्नेछ।

(ऊ) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) सम्बन्धित व्यवस्था: यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ७ (सात) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको शेयर धनी कोषमा परिवर्तनको विवरण (Statement of Change in Equity) बाट ऋणपत्र निष्काशन भएको पहिलो वर्ष र अन्तिम वर्ष बाहेक अन्य प्रत्येक वर्ष बराबर रुपमा (Proportionate Period Basis) नाफा नोक्सान हिसाबबाट रकम बाडफाँड गरी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड मात्र) बराबरको रकम उक्त कोषमा जम्मा हुनेछ। कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) मा सार्नुपर्ने रकम रकमान्तर गरिनेछ। यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) मा सार्नुपर्ने वार्षिक रकम रु.४१,६६,६६,६६६.६७। (अक्षरुपी एकचालिस करोड छैसठ्ठी लाख छैसठ्ठी हजार छ सय छैसठ्ठी र पैसा सतसठ्ठी मात्र)रकमान्तर गरिनेछ।

क्र.सं.	आर्थिक बर्ष	जगेडा कोषमा जम्मा गरिने रकम	जम्मा रकम
१	२०८१/८२	–	–
२	२०८२/८३	४१६,६६६,६६६.६७	४१६,६६६,६६६.६७
३	२०८३/८४	४१६,६६६,६६६.६७	४१६,६६६,६६६.६७
४	२०८४/८५	४१६,६६६,६६६.६७	४१६,६६६,६६६.६७
५	२०८५/८६	४१६,६६६,६६६.६७	४१६,६६६,६६६.६७
६	२०८६/८७	४१६,६६६,६६६.६७	४१६,६६६,६६६.६७
७	२०८७/८८	४१६,६६६,६६६.६७	४१६,६६६,६६६.६७
८	२०८७/८८	–	–
		जम्मा रकम	२,५००,०००,०००.००

(ए) ऋणपत्रवालाको अधिकार : यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्ने ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ। तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाट पल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण : यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाट पल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितिय हक हुनेछ। बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ, निजहरुको हक कायम हुने रकम २०८१ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार रु.४,२९,१८,७७,६३,७५१।०० (अक्षरुपी चार खर्ब उनान्तिस अर्ब अठार करोड सतहत्तर लाख त्रिसठ्ठी हजार सात सय एकाउन्न मात्र) रहेको छ।

(ग) ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरु: ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको ब्यवस्था गरिएको छ।

(अ) ट्रष्टीको नाम तथा ठेगाना : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ रहेको छ।

(आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क : यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.२५,०००/– (अक्षरुपी पच्चीस हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ।

(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेण्ट बैंकिङ्ग विभागका प्रमुख श्री रश्मी रिजाललाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। निजले स्नातकोत्तर सम्मको शैक्षिक योग्यता हासिल गरी करिब १९ वर्ष भन्दा बढी बैंकिङ्ग तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ।

(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा बुझाउनु पर्नेछ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्: **गुनासो सुन्ने अधिकारीको नाम** : रश्मी रिजाल, इमेल : rashmirijal.sc@sanimabank.com, फोन नं. : ०१-४५४०५०८

(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ऋणपत्र ट्रष्टीको बीच काम गर्न कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता गरिएको कुरा : ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७९/०१/०५ मा सम्झौता गरिएकोमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मिति २०८१/०१/१२ गते बसेको संचालक समितिको २६८२ औं बैठकले ऋणपत्रको ब्याजदर तथा नाम परिवर्तन गर्ने निर्णय गरे बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०२/०१ गते "8% RBBL Debenture 2087" कायम हुने गरि संशोधित स्वीकृति प्राप्त भएकोमा पुनः नेपाल राष्ट्र बैंकबाट मिति २०८१/११/२३ गते "7% RBBL Debenture 2088" कायम हुने गरि संशोधित स्वीकृति प्राप्त भएकोले सोहि बमोजिम हुनेगरि मिति २०८१/११/२३ गते पूरक सम्झौता गरिएको छ। सम्झौताका मुख्य मुख्य बुँदाहरु यस प्रकार रहेका छन्:

१. निष्काशनकर्ता कम्पनीले निजी तवर (Private Placement) बाट तथा सार्वजनिक निष्काशन प्रकृयाबाट बिक्री गरिने ७% ब्याजदर रहेको तथा ७ वर्ष अवधि रहेको 7% RBBL Debenture 2088 नामक प्रति ऋणपत्र अंकित मूल्य रु.१,०००/– दरको २५,००,००० (पच्चिस लाख) कित्ताको रु.२,५०,००,००,०००/–(अक्षरुपी दुई अर्ब पचास करोड रुपैयाँ मात्र) बराबरको ऋणपत्र मध्ये १५,००,००० कित्ता ऋणपत्र निजी तवरबाट तथा १०,००,००० कित्ता ऋणपत्र सार्वजनिक निष्काशन प्रकृयाबाट निष्काशन गर्ने क्रममा निष्काशनकर्ता कम्पनी र ऋणपत्रधनीको हित संरक्षण गर्ने जिम्मा डिबेञ्चर ट्रष्टीको रहनेछ।
२. ऋणपत्रवालाले खरिद गरेको ऋणपत्रको साँवा र ब्याज भुक्तानी गर्ने समय, ब्याज दर, साँवा ब्याज भुक्तानी गर्ने प्रक्रिया र ऋणपत्रलाई शेयरमा परिणत गर्ने वा नगर्ने सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ।

अ) **ऋणपत्रको अवधि (Maturity)** : ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँड भएको दिनबाट ७ वर्षको लागि हुनेछ र सो अवधि पश्चात् बैंकले यस ऋणपत्रको साँवा र भुक्तानी नलिएको ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।
आ) **ऋणपत्रको ब्याज दर (Coupon Interest Rate)** : ऋणपत्रको वार्षिक ब्याजदर ७% हुनेछ र सो ब्याज रकमबाट प्रचलित आयकर ऐन अनुसार श्रोतमा करकट्टी गरी भुक्तानी गरिनेछ।
इ) **ऋणपत्रको ब्याज भुक्तानी गर्ने प्रक्रिया (Interest Payment Process)** : ऋणपत्रमा आर्जित ब्याज अर्धवार्षिक रुपमा अर्थात् प्रत्येक छ/छ महिनाको अवधिमा भुक्तानी हुनेछ।
ई) **ऋणपत्र भुक्तानी गर्ने समय (Interest Payment Timing)** : यस ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्रबाहकहरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध वार्षिक (पौष मसान्त) र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिंदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक आर्थिक वर्षको माघ १ गतेदेखि र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक आर्थिक वर्षको श्रावण १ गतेदेखि भुक्तानी गर्न शुरु गरिनेछ।
उ) **ब्याज भुक्तानी गर्ने तरिका** : ऋणपत्र बाहकलाई ब्याज भुक्तानी गर्नको लागि निष्काशनकर्ता कम्पनीले स्वयम् वा निष्काशनकर्ता कम्पनीद्वारा नियुक्त डिबेञ्चर रजिष्ट्रार मार्फत ऋणपत्रबाहकको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा वा ऋणपत्रबाहकले आवेदन गर्दा उल्लेख गरेको बैंक खातामा प्रदान गर्नेछ।
ऊ) **ब्याज भुक्तानी गर्ने स्थान** : ऋणपत्रबाहकले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्रबाहकको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा वा ऋणपत्रधनीले आवेदन गर्दा उल्लेख गरेको बैंक खातामा सोझै प्राप्त गर्न सकिनेछ।
ए) **ऋणपत्रलाई शेयरमा परिणत गर्ने व्यवस्था** : यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन वा सञ्चित (Cumulate) गरिने छैन।

३. कम्पनीको जायजेथामा अरु साहुको हक र भविष्यमा उत्पन्न हुने दायित्वका सम्बन्धमा भएको व्यवस्था : शर्त नं १ बमोजिमको ऋणपत्र रकम सम्मको लागि निष्काशनकर्ता कम्पनीको सम्पत्तिमा डिबेञ्चर ट्रष्टीले प्रचलित कानुनमा भएको व्यवस्था अनुसार हक कायम गर्न सकेनछ। कथंकदाचित् निष्काशनकर्ता कम्पनी टाट पल्टेमा वा विघटनको अवस्थामा गएमा यस सम्झौता बमोजिम निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताको निक्षेप रकम फिर्ता गरे पश्चात् हुनेछ। यो ऋणपत्रलाई निर्धारित ७ वर्षको समय अवधिमा भुक्तानी गर्नको लागि निष्काशनकर्ता कम्पनीले "पुँजी फिर्ता जगेडा कोष" (Capital Redemption Reserve) को व्यवस्था गर्नेछ। ऋणपत्र निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी कोषमा वाहेक बाँकी रहेका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक आधारमा रकम छुट्याई पुँजीफिर्ता जगेडा कोषमा जम्मा गरिनेछ।
४. सम्झौतामा उल्लेखित शर्तहरु निष्काशनकर्ता कम्पनीबाट उल्लंघन भएमा वा पूरा नगरेमा वा अन्य कुनै मनासिव कारणले निष्काशनकर्ता कम्पनीको आर्थिक कारोबार नियन्त्रणमा लिनु पर्ने भएमा वा यस सम्झौतामा उल्लेखित शर्तहरु उल्लंघन भएमा वा निष्काशनकर्ता कम्पनीले पूरा नगरेमा वा अन्य कुनै मनासिव कारण परी ऋणपत्रधनीको हित संरक्षण गर्नुपर्ने अवस्था परेमा डिबेञ्चर ट्रष्टीले प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम निष्काशनकर्ता कम्पनीको आर्थिक कारोबार र सम्पूर्ण चल अचल सम्पत्ति नियन्त्रणमा वा कब्जामा लिई कम्पनी ऐन, २०६३ को दफा ३४, ३५ ,३६ ,३७ ,३८ ,३९ ,४० र ४१ मा भएको व्यवस्था बमोजिम ऋणपत्रधनीलाई निजहरुको लगानी रकम भुक्तानी गर्न लगाउन सक्नेछ। साथै माथि उल्लेखित दफाहरुमा डिबेञ्चर ट्रष्टीलाई ऋणपत्रधनीको हितमा कार्य गर्ने सिलसिलामा दिइएका अधिकारहरुको उपयोग गर्न सक्नेछ।
५. डिबेञ्चर ट्रष्टीको सेवा शुल्क तथा अन्य प्रत्यक्ष खर्चहरु निष्काशनकर्ता कम्पनीले भुक्तान गर्नु पर्ने प्रक्रिया : डिबेञ्चर ट्रष्टीले शर्त नं १ बमोजिमको कार्य गरे वापत निष्काशनकर्ता कम्पनीले डिबेञ्चर ट्रष्टीलाई सेवा शुल्क स्वरुप वार्षिक रु.२५,०००/– (अक्षरुपी पच्चिस हजार रुपैंया मात्र) का दरले भुक्तानी गर्नेछ। यदि डिबेञ्चर ट्रष्टीले कुनै थप गतिविधि ऋणपत्रधनी वा निष्काशनकर्ता कम्पनीको अनुरोधमा गरेमा सो वापतको रकम निष्काशनकर्ता कम्पनीले लागतको आधारमा व्यहोर्नेछ।
६. डिबेञ्चर ट्रष्टीको हैसियतले कार्य गर्दा निष्काशनकर्ता कम्पनी वा ऋणपत्रवालालाई कुनै हानि नोक्सानी वा घाटा भएमा वा ऋणपत्रवालालाई रकम भुक्तानी नभएमा सो को लागि डिबेञ्चर ट्रष्टी जवाफदेही हुने छैन।
७. निष्काशनकर्ता कम्पनी विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले ऋणपत्रवालाको तर्फबाट गर्न सक्ने कानुनी कारबाही र ऋणपत्रवालाको अधिकारको प्रयोग डिबेन्चर ट्रष्टीले गर्न सक्नेछ। डिबेञ्चर ट्रष्टीले कार्य गरे बापत लागेको सम्पूर्ण खर्च निष्काशनकर्ता कम्पनीले भुक्तानी गर्नुपर्नेछ।
८. ऋणपत्रवालाको हित संरक्षण सम्बन्धी गर्नुपर्ने सम्पूर्ण कार्य डिबेञ्चर ट्रष्टीले गर्न सक्ने अधिकार रहेको छ।
९. डिबेञ्चर ट्रष्टीले ऋणपत्रवालाको हित संरक्षणको निमित्त आवश्यक ठानेमा निष्काशनकर्ता कम्पनीको जायजेथा सुरक्षण स्वरुप लिन र त्यस्तो सुरक्षण प्रचलित कानुन बमोजिम आफ्नो नाममा पारित गराई राख्न सक्नेछ।
१०. दफा ९ बमोजिम सुरक्षण लिनु अघि डिबेञ्चर ट्रष्टीले आवश्यक ठानेमा सुरक्षणमा लिइने सम्पत्ति वा जायजेथाको मूल्यांकन तथा कम्पनीको परियोजना विश्लेषण वा व्यवस्थापन विश्लेषण समेत गर्न गराउन सक्नेछ।
११. यो सम्झौतामा हस्ताक्षर भइसकेपछि निष्काशनकर्ता कम्पनीले थप ऋणपत्र उठाउने भएमा डिबेञ्चर ट्रष्टीको स्वीकृति लिनु पर्नेछ।

(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा : ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा : ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको ब्यवस्था : ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने ब्यबस्था गरिएको छ।

(ओ) अन्य :
– ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने। – कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
– कम्पनीले पूनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनुपर्ने।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको ब्यवस्था : सो नभएको।

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना:
– कम्पनीले व्यवसाय विस्तार गर्ने क्रममा कर्जा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पुँजी संकलन गर्ने।
– कम्पनीको पुरक पुँजीकोष (Supplementary Capital) वृद्धि गर्ने।
– प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पुँजी जुटाउन।

(च) जारी पुँजी चुक्ता भएको/नभएको : कम्पनीको जारी पुँजी चुक्ता भैसकेको छ।

(छ) यस भन्दा अगाडि जारी भएको ऋणपत्रको विवरण : यस अघि "8.50 % RBBL Debenture 2083" नामक ६ वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको २ अर्ब ५० करोड रकम बराबरको ऋणपत्र जारि गरेको छ। यस अघि जारी भएको ऋणपत्रको सम्बन्धमा ऋणपत्र भुक्तानी जगेडा कोषमा २०८१ फाल्गुन मसान्त सम्म रु. १,८३,३३,३३,३३३.३३/- (अक्षरुपी एक अरब त्रियासी करोड तेत्तीस लाख तेत्तीस हजार तीन सय तेत्तीस र पैसा तेत्तीस मात्र) जम्मा भएको छ। उक्त ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको रुपमा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ रहेको र उक्त संस्थाबाट हाल यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "7% RBBL Debenture 2088" नामक ऋणपत्र निष्काशन गर्न ऋणपत्र ट्रष्टीको रुपमा स्वीकृति समेत प्राप्त भइसकेको छ।

ज) अन्य :
- यो ऋणपत्र राष्ट्रिय वाणिज्य बैक बाहेक अन्य बैंक लिमिटेड वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

नेपाल राष्ट्र बैंक बाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ

- राष्ट्रिय वाणिज्य बैक लिमिटेडले निष्काशन गर्न लागेको "10.50% RBBL Debenture 2086" ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैंकद्धारा मिति २०७९/०३/३१ को पत्र मार्फत स्वीकृति प्राप्त भएकोमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मिति २०८१/०१/१२ गते बसेको संचालक समितिको २६८२ औं बैठकले ऋणपत्रको ब्याजदर तथा नाम परिवर्तन गर्ने निर्णय गरे बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०२/०१ गते "8% RBBL Debenture 2087" कायम हुने गरि संशोधित स्वीकृति प्राप्त भएकोमा पुनः नेपाल राष्ट्र बैंकबाट मिति २०८१/११/२३ गते "7% RBBL Debenture 2088" कायम हुने गरि संशोधित स्वीकृती प्राप्त गरेको छ। ऋणपत्र निष्काशन गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी नेपाल राष्ट्र बैंकले स्वीकृति प्रदान गरेको छ।

(१) कुनै पनि सुरक्षण नराखी "7% RBBL Debenture 2088" ऋणपत्र निष्काशन गर्नुपर्ने।
(२) ऋणपत्रको अवधि ७ वर्षको हुने।
(३) ऋणपत्रको वार्षिक ब्याजदर ७ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने ब्याज अर्ध वार्षिक रुपले ६/६ महिना (श्रावण र माघ) मा भुक्तानी गर्नुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने।
(४) बैंक विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने।
(५) ऋणपत्र जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत गर्नुपर्ने।
(६) राष्ट्रिय वाणिज्य बैक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने।
(७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र नेपाल राष्ट्र बैंकमा दर्ता गरि सहमति लिएर मात्र प्रकाशन गर्नुपर्ने।
(८) ऋणपत्रको रकम भुक्तानी गर्न सिर्जना गरिने पुँजी फिर्ता जगेडा कोष Capital Redemption Reserve को व्यवस्था गर्न निम्नानुसार कोष सिर्जना गरेको हुनु पर्ने।
  (क) निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष Redemption Reserve मा कुनै रकम विनियोजन नगरे पनि हुने।
  (ख) भुक्तानी अवधि बाँकी रहेसम्म प्रत्येक वर्ष वार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक (Proportinate) आधारमा रकम छुट्याउनुपर्ने।
  (ग) खण्ड (ख) बमोजिम समानुपातिक आधारमा छुट्याउनु पर्ने रकम भन्दा बढी रकम छुट्याउने भएमा कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नुपर्ने।
  तर यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र बापत भुक्तानी कोषमा जम्मा गर्नुपर्ने रकम बराबर बोनस शेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन। तर, सो वर्षमा जम्मा गर्नुपर्ने रकम उक्त वर्ष पश्चातका आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्नेछ।
(९) Private Placement को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने।
(१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको डिबेञ्चर खरिद नगरेमा सो डिबेञ्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने।
(११) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको (राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कुनै एक प्रकारको बचतको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नु पर्ने र सो विषय विवरणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्ने।
(१२) अन्य सबै व्यवस्थाहरु इ.प्रा.निर्देशन नं.१६/०८० मा उल्लेख गरिए बमोजिम हुनुपर्ने।

१४. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

(क) धितोपत्र जारी गर्नुको उद्देश्य :
अ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने काम कारोबारका लागि आवश्यक पर्ने पुँजी जुटाउन। आ) बैंकको पुँजीकोष वृद्धि गर्न।

(ख) धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग:
(१) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण : ऋणपत्र निष्काशन गरी प्राप्त हुने रकम कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकको व्यवसायिक प्रयोजनमा उपयोग गरिने छ। ऋणपत्र जारी गरी प्राप्त हुने रकमको उपयोग सम्बन्धमा देहाय अनुसार हुनेछ।

क्र.सं.	विवरण	प्रतिशत	रकम (रु.)
१.	कर्जा लगानी तथा व्यवसाय विस्तार	१००	२,५०,००,००,०००/-
क.	कर्जा लगानी तथा सापट	९०	२,२५,००,००,०००/-
ख.	शाखा विस्तार	१०	२५,००,००,०००/-
	जम्मा	१००	२,५०,००,००,०००/-

१५. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सुचिकरण सम्बन्धी व्यवस्था :

(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। यदि कुनै पक्षले (व्यक्तिगत तवर/सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (निजी तवर/सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ।

(२) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सकनेछ र आवेदकहरुको बाँडफाँडमा नपरेको ऋणपत्र बापतको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरी फिर्ता भुक्तानी गरिनेछ।

(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : उपरोक्त व्यवस्था सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन। निजी तवरबाट आवेदन दिने आवेदकहरुको हकमा आवेदन पेश भएको मिति देखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि यस राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सामान्य बचत निक्षेपको प्रचलित ब्याजदर प्रदान गरिनेछ।

(४) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि : यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरी सूचीकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीहरुको हितग्राही (Demat) खातामा जम्मा गरिनेछ।

(५) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण : बैंकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण नरहेको। यस अघि जारी गरिएको 8.5% RBBL Debenture, 2083 नामक ऋणपत्र नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण भईसकेको र यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गरिनेछ।

(६) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचीकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१६. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

(१) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण : धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ। साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँड भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन्।

(२) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :
(क) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, सिंहदरवार प्लाजा, काठमाण्डौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
(ख) यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम २५ (पच्चिस) कित्ता र अधिकतम सम्पूर्ण कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिन सक्नेछन्। न्यूनतम २५ (पच्चिस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा सम्पूर्ण कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ। तर निजी तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम् हद लागु हुने छैन।
(ग) यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्त साथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/–(एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ। तर निजी तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा निष्काशन कम्पनी वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मार्फत लिखित रुपमा सहमति जनाई खरिद गर्न सक्नेछन्।

(३) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :
(क) कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन्। निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिनसम्म सर्वसाधारण नेपाली नागरिकबाट आवेदन दिइने र सो पश्चात नपुग भएको खण्डमा मात्र नेपाली संघसंस्था वा कम्पनीले आवेदन दिन पाउनेछ।
(ख) दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेवसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ।
(ग) आवेदकले आवेदन दिंदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनु हुँदैन।
(घ) एक व्यक्तिले आफुले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिन पाउने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तहरु रद्द गरिनेछ।
(ङ) रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ।
(च) ऋणपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित सि-आस्वा (C ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ।
(छ) रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नु पर्नेछ।

निजी तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :
(१) कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ।
(२) आवेदन दिंदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनु पर्ने छ।
(३) आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नु पर्नेछ।
(४) आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबर रकमको सानिमा क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा, निवेदकले श्री सानिमा क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न गर्न पनि सकिनेछ।
(५) कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।
(६) रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नु पर्नेछ।

१६. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल–१, काठमाण्डौ, वेबसाइट : www.sanima.capital र फोन नं. ०१-४५४०५०८
२.	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ, वेबसाइट : www.rbb.com.np र फोन नं. ०१-५७२१२२०
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेबसाइट : www.sebon.gov.np र फोन नं. ०१-५२५४०५७
सि.नं.	**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु।
२.	व्यक्तिगत तवर (Private Placement) बाट संगठित संस्थाहरुलाई बिक्री गरिने ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनीको आपसी सहमतिमा खरिदकर्ताहरु खोजी गरी बिक्री वितरण गरिनेछ।

१७. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन सम्म खुल्ला रहनेछ। व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ।

१८. निष्काशन कार्यसँग संलग्न बैंक (Bankers to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१.	श्री सानिमा बैंक लिमिटेड, नक्साल, काठमाण्डौ।	SANIMA CAPITAL LTD (RBB Debenture)	९०९०१००१००००२३८

१९. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री रश्मी रिजाललाई फोन नं.:०१-४५४०५०८ Ext. No. १०१ तथा Email: rashmirijal.sc@sanimabank.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Sanima Capital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
सानिमा क्यापिटल लिमिटेड

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ,
फोन नं. ०१- ४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com
Website: www.sanimacapital.com